# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं जेठ ८ गते, २०६२ साल (अतिरिक्ताङ्क १५

## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०६२ सालको अध्यादेश नं. ६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## मानव अधिकार आयोग ऐन, २०५३ लाई संशोधन गर्न बनेको अध्यादेश

**प्रस्तावनाः** मानव अधिकार आयोग ऐन, २०५३ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर बिक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस अध्यादेशको नाम "मानव अधिकार आयोग (पहिलो संशोधन) अध्यादेश, २०६२" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मानव अधिकार आयोग ऐन, २०५३ को दफा ४ मा संशोधनः** मानव अधिकार आयोग ऐन, २०५३ को दफा ४ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) आयोगका अध्यक्ष र सदस्यहरुको नियुक्तिको सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ :-

(क) प्रधान न्यायाधीश -अध्यक्ष

(ख) प्रतिनिधि सभाको सभामुख -सदस्य

(ग) परराष्ट्र मन्त्री -सदस्य"

लालमोहर सदर मिति २०६२।२।८।१

आज्ञाले,
डा.कुलरत्न भूर्तेल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित (मूल्यः रु. ५।-)

९६४
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।